onlinekhabar

# सीजी फाउन्डेसनद्वारा बारा र रौतहतटका अस्पताललाई अक्सिजन कन्सन्ट्रेटर सहयोग

२०७८ जेठ ३१ गते १४:४३ मा प्रकाशित




३१ जेठ, वीरगञ्ज । चौधरी ग्रुपद्वारा स्थापित सीजी फाउन्डेसनले बारा र रौतहटका दुई सरकारी अस्पताललाई चार थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको छ । फाउण्डेसनले बाराको कलैया अस्पताल र रौतहटको गौर अस्पताललाई २/२ थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको हो ।

सोमबार वीरगञ्जस्थित चौधरी ग्रुपको प्रदेश २ कार्यालयमा एक कार्यक्रमको आयोजना गरी अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरिएको हो । वीरगञ्ज महानगरपालिकाका प्रमुख

विजयकुमार सरावगीले फाउन्डेसनको तर्फबाट अस्पतालहरुलाई अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरेका थिए ।

कोरोना संक्रमितको उपचारका लागि बारा र रौतहटका सरकारी अस्पताललाई १० लिटरको अक्सिजन कन्सन्ट्रेटर प्रदान गरिएको सीजी ग्रुपको प्रदेश २ प्रमुख सत्येन्द्रकुमार झाले बताए ।

Story Link: https://www.onlinekhabar.com/2021/06/969309

अन्नपूर्ण पोस्ट

# चौधरी ग्रुपद्वारा अक्सिजन कन्सनट्रेटर सहयोग

३१ जेठ २०७८ ०८:२१:००




चौधरी ग्रुपले निःशुल्क उपलब्ध गराएको अक्सिजन कन्सनट्रेटर हस्तान्तरण गरिँदै। तस्बिर : अन्नपूर्ण

विराटनगर : व्यापारिक घरना चौधरी ग्रुपले अक्सिजन कन्सनट्रेटर सहयोग गरेको छ। आफ्नो प्रादेशिक कार्यालय प्रदेश १ को स्थापनाका अवसरमा भोजपुर र इलाम जिल्ला अस्पताललाई सहयोग गरेको हो।

ग्रुपले दुबै अस्पताललाई दुई/दुई थान अक्सिजन कन्सनट्रेटर सहयोग गरेको कार्यालयका प्रमुख रामजी कटुवालले जानकारी दिए।

उनले दुर्गम जिल्लाहरुमा अक्सिजनको अभाव हुँदा कोरोना संक्रमितको उपचारमा भइरहेको जटिलतालाई केही हदसम्म सहज बनाउने प्रयाय स्वरूप कन्सनट्रेटर मेसिन हस्तान्तरण

गरिएको जानकारी दिए। आगामी दिनमा पनि चौधरी फाउण्डेसनले सहयोगलाई निरन्तरता दिइरहने विश्वास कटुवालले दिलाएका छन्। ‘आगामी दिनमा पनि समाजसँगको सहकार्यलाई नजिक बनाएर सहयोगलाई निरन्तरता दिइने छ,’ उनले भने, ‘त्यसका लागि यस प्रादेशिक कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ।’

उनका अनुसार अबदेखि उद्योगहरुबाट हुने उत्पादनको बजार प्रवद्र्धनको कार्यसमेत यसै कार्यालयमार्फत गरिने छ।

यसअघि आफ्ना उद्योगमार्फत गरिएका उत्पादनलाई बजारसम्म पु¥याउने काम मात्रै गरिरहेको चौधरी ग्रुपले पहिलो पटक प्रादेशिक कार्यालय स्थापना गरेर सञ्चालनमा ल्याएको हो। प्रमुख कटुवालले सेवाको विस्तारसँगै र सामाजिक काममा अग्रसरता देखाएर सबै पक्षसँग सहकार्य गर्ने उदेश्य राखेर व्यापारिक घरनाले कार्यालय सञ्चालनमा ल्याएको जानकारी दिए।

कार्यालयको उद्घाटन एक कार्यक्रमका बीच प्रदेश सांसद शेखरचन्द्र थापाले आइतबार गरेका हुन्।

कार्यक्रममा बोल्दै सांसद थापाले व्यापारिक घरना चौधरी ग्रुपको चौधरी फाउण्डेसनले कोभिड–१९ (कोरोना संक्रमण) को महामारी नियन्त्रण र न्यूनीकरणका लागि मुलुकमा महत्वपूर्ण योगदान पु¥याइरहेको बताए। मुलुकका विभिन्न स्थानमा निःशुल्क हस्तान्तरण गरिरहेको स्वास्थ्य सामग्री एवं उपकरण र पूर्वाधार विस्तारले कोरोना नियन्त्रणमा सहयोग पुगिरहेको उनको भनाइ छ।

Story Link: http://annapurnapost.com/news/181349

Lumbini Times

# चौधरी फाउण्डेशनद्वारा लुम्बिनी प्रदेशका ५ स्वास्थ्य संस्थालाई १० थान अक्सिजन कन्सन्ट्रेटर प्रदान

सोमबार, जेठ ३१, २०७८




बुटवल - चौधरी फाउण्डेशनले आफ्नो लुम्बिनी प्रादेशिक कार्यालय स्थापनाको अवसरमा प्रदेशका ५ वटा अस्पताल तथा स्वास्थ्य संस्थालाई १० थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको छ।

सोमबार बुटवलमा आयोजित कार्यक्रममा प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद कुमार गिरीमार्फत नवलपरासी पश्चिमको बर्दघाटमा रहेको चिसापानी अस्पताल र गुल्मीको जिल्ला अस्पताललाई दुई थानका दरले अक्सिजन कन्सन्ट्रेटर प्रदान गरिएको

हो । डा. गिरीले यो उपकरणले अस्पताल तथा स्वास्थ्य संस्थाहरुलाई निकै सहज हुने बताए ।

यसैबीच पाल्पाको रैनादेवी छहरा र रिब्दिकोट गाउँपालिकामा संचालित स्वास्थ्य चौकी तथा बर्दियाको बाँसगढी स्वास्थ्य चौकीलाई पनि सोही जिल्लामा कार्यक्रम गरेर २ थानका दरले अक्सिजन कन्सन्ट्रेटर प्रदान गरेको सीजीका प्रदेश कार्यालयका प्रमुख देवराज ढुगांनाले बताए ।

कोभिड १९ महामारीका बिरामीको उपचारका लागि प्रसिद्ध व्यापारिक कम्पनी चौधरी फाउण्डेशनले यस वर्ष मुलुकभरका १७ वटा स्वास्थ्य संस्थालाई जनही २ वटाका दरले ३४ वटा अक्सिजन कन्सन्ट्रेटर प्रदान गर्न शुरु गरेको ढुगांनाले जानकारी दिए ।

अक्सिजन कन्सन्ट्रेटरबाट प्रति मिनेट १० लिटर ग्यास उत्पादन गरि सप्लाई हुने गर्दछ । अक्सिजन अभाव हुने र अक्सिजन दिनुपर्ने विरामीलाई तत्काल सहज रुपमा प्रदान गर्ने गरि ग्रामीण भेगका लागि यो अक्सिजन कन्सन्ट्रेटर बढी उपयागी हुने चिसापानी अस्पतालका मेडिकल सुपरिटेन्ट डा. पवन अग्रहरीले बताए ।

आफै अक्सिजन उत्पादन गर्ने र एकै पटक ५ जना सम्मलाई अक्सिजन दिन मिल्ने भएकाले पनि निकै भरपर्दो यन्त्र र सहज रुपमा प्रयोग गर्न सकिने स्वास्थ्य उपकरणका रुपमा अक्सिजन कन्सन्ट्रेटरलाई लिन गरिएको चिकित्सकहरुले औल्याएका छन्।

*प्रकाशित मिति: सोमबार, जेठ ३१, २०७८, १५:२४:*

Story Link: [https://www.lumbinitimes.com/health/7854](https://www.lumbinitimes.com/health/7854)

KERNINEWS
KERNINEWS.COM

# चौधरी फाउन्डेसनद्वारा सुदूपश्चिममा अक्सिजन कन्सन्ट्रेटर वितरण




कैलाली, ३१ जेठ । सिजी ग्रुपले धनगढीमा प्रादेशिक कार्यालय उद्घाटन गरेको छ । धनगढी उपमहानगरपालिका वडा ५ मा  कार्यालय उदघाटन गरेको हो ।

सुदूरपश्चिम र कर्णाली प्रदेश हेर्ने गरि प्रादेशिक कार्यालय स्थापना गरेको सीजी ग्रुपको प्रदेश प्रसाशक प्रोभिन्स एडमिसट्रेटर स्माइल चौधरीले जानकारी दिए ।

प्रादेशिक कार्यालयको उदघाटन तथा चौधरी फाउण्डेसनले कोभिड १९ महामारीको विमारीलाई उपचारीको लागि धनगढी उपमहानगरपालिकाको नगर प्रमुख नृप बहादुर वड लाई अक्सिजन कन्सन्ट्रेटर समेत वितरण गरिएको हो ।




दुई प्रदेशमा सीजी ग्रुपले सबै गतिविधि सुदूरपश्चिम प्रादेशिक कार्यालयबाट हेर्ने जनाएको छ । चौधरी ग्रुपले सुदूरपश्चिम प्रदेशको धनगढी र कर्णाली प्रदेशमा अक्सिजन प्लान्ट स्थापना गरि सहयोग गर्दै आएको चौधरीले बताए ।

उनले अक्सिजन प्लान्ट निर्माण प्रक्रिया अगाडी बढि सकेको जानकारी दिदै असारको पहिलो सातादेखि अक्सिजन ग्याँस उत्पादन हसने जानकारी दिए ।

त्यसै गरि सुदूरपश्चिम प्रदेशको छ वटा स्वास्थ्य संस्थालाई अक्सिजन कन्सन्ट्रेटर वितरण गरिएको हो । प्रति अक्सिजन कन्सन्ट्रेटरलाइ २ लाख रुपैयाँ पर्ने गरेको उनले बताए ।

अक्सिजन कन्सन्ट्रेटर गोदावरी नगरपालिकाको मालाखेती अस्पतालमा दूई वटा, बेलौरी नगरपालिकाको बेलौरी अस्पतालमा दूई वटा र बैतडीको श्रीकोट स्वास्थ्य चौकीमा दुई वटा गरि ६ सेट अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरिएको छ ।

Story Link: https://www.kerninews.com/2021/06/14/15912/

nepal post daily
nepalpostdaily.com

# सीजी फाउन्डेसनद्धारा बारा र रौतहतटका अस्पताललाई अक्सिजन कन्सन्ट्रेटर सहयोग




बीरगन्ज,३१ जेठ । चौधरी ग्रुपद्वारा स्थापित सीजी फाउन्डेसनले बारा र रौतहटका दुई सरकारी अस्पताललाई ४ थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको छ ।

फाउण्डेसनले बाराको कलैया अस्पताल र रौतहटको गौर अस्पताललाई २/२ थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको हो ।

सोमबार बीरगन्जस्थित चौधरी ग्रुपको प्रदेश २ कार्यालयमा एक कार्यक्रमको आयोजना गरी अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरिएको हो । बीरगन्ज महानगरपालिकाका प्रमुख

विजयकुमार सरावगीले फाउन्डेसनको तर्फबाट अस्पतालहरुलाई अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरेका थिए ।

कोरोना संक्रमितको उपचारका लागि बारा र रौतहटका सरकारी अस्पताललाई १० लिटरको अक्सिजन कन्सन्ट्रेटर प्रदान गरिएको सीजी ग्रुपको प्रदेश २ प्रमुख सत्येन्द्रकुमार झाले बताए ।

Story Link: https://nepalpostdaily.com/2021/06/66379/

Devanagari News

# सीजी फाउन्डेसनद्वारा बारा र रौतहतटका अस्पताललाई अक्सिजन कन्सन्ट्रेटर सहयोग

June 14th, 2021

३१ जेठ, वीरगञ्ज । चौधरी ग्रुपद्वारा स्थापित सीजी फाउन्डेसनले बारा र रौतहटका दुई सरकारी अस्पताललाई चार थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको छ । फाउण्डेसनले बाराको कलैया अस्पताल र रौतहटको गौर अस्पताललाई २/२ थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको हो ।

सोमबार वीरगञ्जस्थित चौधरी ग्रुपको प्रदेश २ कार्यालयमा एक कार्यक्रमको आयोजना गरी अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरिएको हो । वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले फाउन्डेसनको तर्फबाट अस्पतालहरुलाई अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरेका थिए ।

कोरोना संक्रमितको उपचारका लागि बारा र रौतहटका सरकारी अस्पताललाई १० लिटरको अक्सिजन कन्सन्ट्रेटर प्रदान गरिएको सीजी ग्रुपको प्रदेश २ प्रमुख सत्येन्द्रकुमार झाले बताए ।

Story Link:
https://devanagarinews.com/2021/06/14/%E0%A4%B8%E0%A5%80%E0%A4%9C%E0%A5%80-%E0%A4%AB%E0%A4%BE%E0%A4%89%E0%A4%A8%E0%A5%8D%E0%A4%A1%E0%A5%87%E0%A4%B8%E0%A4%A8%E0%A4%A6%E0%A5%8D%E0%A4%B5%E0%A4%BE%E0%A4%B0%E0%A4%BE-%E0%A4%AC%E0%A4%BE%E0%A4%B0/

# सीजी फाउन्डेसनद्वारा बारा र रौतहटका अस्पताललाई अक्सिजन कन्सन्ट्रेटर सहयोग

June 14, 2021

चौधरी ग्रुपद्वारा स्थापित सीजी फाउन्डेसनले बारा र रौतहटका दुई सरकारी अस्पताललाई चार थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको छ । फाउण्डेसनले बाराको कलैया अस्पताल र रौतहटको गौर अस्पताललाई २/२ थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको हो ।

सोमबार वीरगञ्जस्थित चौधरी ग्रुपको प्रदेश २ कार्यालयमा एक कार्यक्रमको आयोजना गरी अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरिएको हो । वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले फाउन्डेसनको तर्फबाट अस्पतालहरुलाई अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरेका थिए ।

चौधरी ग्रुपद्वारा स्थापित सीजी फाउन्डेसनले बारा र रौतहटका दुई सरकारी अस्पताललाई चार थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको छ । फाउण्डेसनले बाराको कलैया अस्पताल र रौतहटको गौर अस्पताललाई २/२ थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको हो ।

सोमबार वीरगञ्जस्थित चौधरी ग्रुपको प्रदेश २ कार्यालयमा एक कार्यक्रमको आयोजना गरी अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरिएको हो । वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले फाउन्डेसनको तर्फबाट अस्पतालहरुलाई अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरेका थिए ।

Story Link: https://merosathi.tv/archives/96722